# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) सुर्खेत, आश्विन १४ गते, २०७७ साल (संख्या १३

## भाग ३

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### कर्णाली प्रदेश बिशेष कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन निर्देशिका, २०७७

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमको महत्व र उपलब्धीका दृष्टिकोणले प्रदेशको विकास र समृद्धिमा उल्लेखनीय प्रभाव पार्न सक्ने कार्यक्रमलाई एकीकृत एवं प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक भएकोले कर्णाली प्रदेश सरकारले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “कर्णाली प्रदेश बिशेष कार्यक्रम सञ्चालन तथा ब्यबस्थापन निर्देशिका, २०७७” रहेको छ।

(२) यो निर्देशिका कर्णाली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

## परिच्छेद – २

## परिभाषा र व्याख्या

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “कार्यक्रम” भन्नाले यस निर्देशिकाको अनुसूची-१ मा उल्लेखित कर्णाली प्रदेश सरकारका बिशेष महत्वका कार्यक्रम सम्झनु पर्छ ।

(ख) “कार्यक्रम संयोजक” भन्नाले यस निर्देशिकाको दफा १४ बमोजिम तोकिएको कर्मचारी सम्झनुपर्छ।

(ग) “निर्देशक समिति” भन्नाले यस निर्देशिकाको दफा ९ बमोजिमको समिति सम्झनुपर्छ।

(घ) “कार्यक्रम निर्देशक” भन्नाले यसनिर्देशिकाको दफा १३ बमोजिम निर्देशकको रुपमा काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ।

(ङ) “कार्यालय” भन्नाले मन्त्रालय मातहतका बिशेष कार्यक्रम कार्यान्वयन गर्ने निर्देशनालय, डिभिजन तथा जिल्ला स्थित कार्यालय सम्झनु पर्दछ।

(च) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारका विषयगत मन्त्रालयहरु र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई सम्झनु पर्दछ।

(छ) "कार्यक्रम समन्वय इकाई" भन्नाले यस निर्देशिकाको दफा ११ बमोजिम गठन हुने इकाईलाई सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउंपालिका, नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिका सम्झनु पर्नेछ ।

## परिच्छेद – ३

## निर्देशिकाको लक्ष्य, उद्देश्यतथा कार्यनीति

३. **निर्देशिकाको लक्ष्यः** कार्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत प्रदेशको विकास, सुशासन र समृद्धिमा प्रत्यक्ष योगदान पुर्‍याइ समृद्ध कर्णाली, सुखारी कर्णालीबासीको ध्येय प्राप्त गर्न सहयोग गर्ने।

४. **निर्देशिकाको उद्देश्यः** निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि एकिकृत रुपमा मार्ग निर्देशन गर्ने।

(ख) प्रदेश सरकारका कार्यक्रमहरूबीच स्पष्टता र सामन्जस्यता कायम गर्ने।

(ग) कार्यक्रम कार्यान्वयनबाट नतिजा र उपलब्धी सुनिश्चित गर्ने।

५. **निर्देशिकाको कार्यनीतिः** दफा ४ अनुसार उद्देश्य हासिल गर्न निर्देशिकाको कार्यनीति देहाय बमोजिम हुनेछः

(क) प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा एकरूपता कायम गर्न मार्गदर्शन गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन प्रणाली र नतिजा व्यवस्थापन सम्बन्धमा स्पस्टता प्रदान गर्ने।

(ग) कार्यक्रमका मूलभूत साझा सवालहरुको पहिचान एवं ब्यवस्थापन गर्ने।

(घ) कार्यक्रमसञ्चालन तथा कार्यान्वयनका लागि एकिकृत एवं स्पष्ट संरचनागत ढाँचाको व्यवस्था गर्ने।

(ङ) कार्यक्रम सञ्चालनमा उपलब्ध श्रोत साधनको अतिउत्तम परिचालन एवं सदुपयोग गराउने।

(च) सरकारी, निजी, सहकारी, गैह्रसरकारी र विकास साझेदारका कार्यक्रम तथा कृयाकलापहरुमा संयोजन र साझेदारी गर्ने।

(छ) कार्यक्रम संचालनमा प्रभावकारी नेतृत्व, निर्देशन, अनुगमन तथा समन्वय कायम गराउने।

## परिच्छेद –४

## कार्यक्रमको पहिचान, छनौट तथा कार्यान्वयन

६. **कार्यक्रमको पहिचानका आधारः** कार्यक्रमको गहनता, कार्यप्रणाली र उपलब्धीका दृष्टिकोणले प्रदेशको विकास र समृद्धिमा बिशेष प्रभाव पार्न सक्ने र एकिकृत रुपमा परिणाम प्राप्त हुने देहाय बमोजिमका आधारमा बिशेष कार्यक्रमको छनौट र सञ्चालन गरिनेछ।

(क) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा विशेष महत्वका साथ तोकिएको ।

(ख) बहुआयामीक क्षेत्र समेट्ने कारण प्रदेश सरकारको बिशेष महत्व रहेको।

(ग) बहुसंख्यक जनतामा लाभ पुग्ने तथा प्रभाव पार्ने।

(घ) सार्वजनिक सरोकार वा दायित्वको बिषय क्षेत्र समेटेको।

(ङ) एक वा एकभन्दा बढी स्थानीय तहमा प्रभाव पार्ने।

(च) दायरा र लगानीको दृष्टिकोणबाट प्रदेश सरकारको एकिकृत मार्गदर्शन तथा निर्देशन आवश्यक पर्ने।

(छ) प्रदेश सरकारको सहजीकरण एवं समन्वय आवश्यक पर्ने।

७. **कार्यक्रम तथा आयोजना छनौटः** (१) अनुसुची-१ मा उल्लिखित कार्यक्रम बमोजिमका आयोजनाहरू छनौट गर्दा देहायका पक्षहरूमा ध्यान दिनु पर्नेछ।

(क) स्थानीयस्तरमा रोजगारी सिर्जना हुने।

(ख) स्थानीय श्रम, सीप र स्रोतसाधनको अधिकतम परिचालन हुने ।

(ग) वातावरणीय रुपमा हानी नपुग्ने ।

(घ) सम्बन्धित स्थानीय तह एवं समुदायको स्वामित्व, अपनत्व र सहभागिता हुने।

(ङ) अधिकतम जनतालाइ लाभ पुग्ने ।

(च) आयोजनाबाट उल्लेखनीय प्रतिफल हासिल हुने ।

(२) अनुसूची-१ बमोजिमका कार्यक्रमको कार्यान्वयनका लागि आयोजनाहरूको छनौट, छनौटका सूचक तथा मापदण्ड निर्धारण र कार्यक्रम सञ्चालन विधि कर्णाली प्रदेश विनियोजन ऐन र सम्बन्धित कार्यक्रम सञ्चालन कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

८. **आयोजनाको कार्यान्वयन:** कार्यक्रम अन्तर्गत छनौट भएका आयोजनाहरुको कार्यान्वयन देहाय बमोजिम हुनेछः

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट उपशीर्षकमा रहेका कार्यक्रम बमोजिम छनौट हुने आयोजनाहरुको कार्यान्वयन कर्णाली प्रदेश विनियोजन ऐनले तोकेको समयसीमा र प्रक्रिया बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट निर्णय भए अनुसार हुनेछ।

(ख) विषयगत मन्त्रालयको बजेट उपशीर्षकमा रहेका कार्यक्रम बमोजिम छनौट हुने आयोजनाहरुको कार्यान्वयन कर्णाली प्रदेश विनियोजन ऐनले तोकेको समय सीमा र प्रक्रिया बमोजिम सम्बन्धित मन्त्रालयबाट निर्णय भए अनुसार हुनेछ।

(ग) आयोजनाको स्वीकृति, संशोधन र निकासा सम्बन्धी व्यवस्था कर्णाली प्रदेश विनियोजन ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(घ) आयोजना सञ्चालन सम्बन्धी प्राविधिक विषयमा आवश्यक दिग्दर्शन, मापदण्ड सम्बन्धित मन्त्रालयले स्वीकृत गरी लागु गर्न सक्नेछ।

## परिच्छेद –५

## संस्थागत व्यवस्था

९. **निर्देशक समिति:** (१) कार्यक्रम/आयोजना सम्बन्धमा नीतिगत निर्णय तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति हुनेछः

(क) मुख्यमन्त्री -संयोजक

(ख) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) मन्त्री, कार्यक्रमसँग सम्बन्धित मन्त्रालय -सदस्य

(घ) प्रमुख सचिव, कर्णाली प्रदेश सरकार -सदस्य

(ङ) उपाध्यक्ष, प्रदेश योजना आयोग -सदस्य

(च) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (शासकीय सुधार तथा समन्वय महाशाखा) -सदस्य सचिव

(२) उपदफा (१)बमोजिमको समितिको बैठकमा कार्यक्रम सम्बद्ध मन्त्रालयको सचिवलाई आमन्त्रण गर्न सकिनेछ।

(३) यससमितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले तोकेको मिति,समय र स्थानमा सञ्चालन हुनेछ।

(४) बैठक सञ्चालन सम्बन्धी कार्यबिधि समितिले आफै निर्धारण गर्न सक्नेछ।

(५) समितिको सचिवालय र अभिलेख मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार तथा समन्वय महाशाखामा रहनेछ।

१०. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नीति, कार्यनीति निर्धारण तथा नीतिगत स्पष्टता प्रदान गर्ने।

(ख) कार्यक्रमको रणनीतिक दिशा निर्धारण तथा मार्गदर्शन गर्ने।

(ग) कार्यक्रमको प्रभावकारी ब्यवस्थापनको लागि निर्देशन गर्ने।

(घ) कार्यक्रमको प्राथमिकता, मूल्य मान्यता र कार्यसञ्चालन प्रणाली निर्धारण गर्ने।

(ङ) कार्यक्रमको समग्र नेतृत्व प्रदान गर्ने।

(च) कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनका आधारहरू तय गर्ने।

**११.** **कार्यक्रम समन्वय इकाईः**

(१) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि देहाय बमोजिमको कार्यक्रम समन्वय इकाई रहनेछः

(क) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (शासकीय सुधार तथा समन्वय महाशाखा) -संयोजक

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय-सदस्य

(ग) सचिव, कार्यक्रमसंग सम्बन्धित मन्त्रालय -सदस्य

(घ) शाखा प्रमुख, योजना अनुगमन तथा आर्थिक पूर्वाधार शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

(२) कार्यक्रम समन्वय इकाइको बैठक संयोजकले तोकेबमोजिम हुनेछ।

(३) कार्यक्रम समन्वय इकाइको सचिवालय र अभिलेख मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको योजना अनुगमन तथा आर्थिक पूर्वाधार शाखामा रहनेछ।

१२.**कार्यक्रम समन्वय इकाईको काम, कर्तव्य र अधिकारः** कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निर्देशक समितिको निर्णय कार्यन्वयन गर्ने गराउने।

(ख) निर्देशक समितिमा पेश गर्नु पर्ने विषयहरू निर्धारण गर्ने।

(ग) कार्यक्रम कार्यान्वयनका लागि निकायगत समन्वय र सहजीकरण गर्ने।

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनकालागि विषयगत मन्त्रालय र कार्यान्वयन निकायलाई आवश्यक निर्देशन दिने।

(ङ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।

(च) कार्यक्रमको समीक्षा गर्ने।

(छ) निर्देशक समितिले तोके बमोजिमका अन्य कार्यहरू गर्ने गराउने।

१३.**कार्यक्रम निर्देशकको ब्यवस्थाः** (१) बिशेष महत्वका कार्यक्रमहरुको सञ्चालनमा आवश्यक समन्वय सहजीकरण र निर्णय कार्यान्वयन गर्नको लागि दफा ९ को उपदफा (१) बमोजिमको निर्देशक समितिको सदस्य-सचिवले कार्यक्रम निर्देशकको रुपमा काम गर्नेछ।

(२) कार्यक्रम निर्देशकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालनका लागि निर्देशन तथा मार्गदर्शन गर्ने।

(ख) कार्यक्रमहरुको प्राथमिकता कार्यसम्पादन गर्न निर्देशन गर्ने।

(ग) कार्यक्रमको बित्तीय तथा प्रशासकीय नियन्त्रण गर्ने।

(घ) कार्यक्रमको निर्धारित लक्ष्य तथा उद्देश्य अनुसार स्वीकृत वार्षिक योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने गराउने।

(ङ) कार्यक्रम कार्यान्वयन निकायको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(च) कार्यक्रम सञ्चालनमा समस्या समाधान गर्न सहजीकरण गर्ने।

(छ) निर्देशक समिति र समन्वय इकाइबाट तोकिएका अन्य कार्यहरू गर्ने गराउने।

(ज) कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

१४. **कार्यक्रम संयोजकः** (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य मन्त्रालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम संयोजक तोक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम संयोजकको काम, कर्तव्य र अधिकार सम्बन्धित मन्त्रालयले तोके बमोजिम हुनेछ।

१५. **<u>जनशक्ति सम्बन्धी ब्यवस्थाः</u>** (१) सम्बन्धित मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत संगठन संरचना बमोजिम कर्मचारी परिचालन गर्नेछ।

(२) यस निर्देशिका बमोजिम तोकिने कार्यक्रम निर्देशक, कार्यक्रम संयोजक र उपदफा (१) बमोजिम खटिने अन्य स्थायी कर्मचारीहरूको प्रोत्साहन सम्बन्धी व्यवस्था निर्देशक समितिले तोके बमोजिम हुनेछ।

१६. **<u>कार्यसम्पादन करारः</u>** कार्यक्रमको नतिजामुखी कार्यान्वयनका लागि कर्णाली प्रदेश सरकारका प्रमुख सचिवसंग कार्यक्रम निर्देशकले र कार्यक्रम निर्देशकसंग कार्यक्रम संयोजकले सूचकमा आधारित कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

## परिच्छेद-६

## <u>अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी ब्यवस्था</u>

१७. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१)यस निर्देशिका बमोजिम सञ्चालन तथा व्यवस्थापन हुने कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन योजना र ढाँचा कार्यक्रम संयोजकले तयार गरी कार्यक्रम समन्वय इकाइबाट स्वीकृत गराउनु पर्नेछ।

(२)उपदफा (१) बमोजिम स्वीकृत अनुगमन योजना र ढाँचाको कार्यान्वयन सम्बन्धित मन्त्रालय,स्थानीय तह र कार्यक्रम समन्वय इकाईले गर्ने गराउनेछ।

(३)मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट समेत कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रभावकारिताको लागि नीतिगत मार्गदर्शन, निर्देशन, संयोजन, अनुगमन तथा समन्वय हुनेछ।

१८.**<u>प्रतिवेदन सम्बन्धी ब्यवस्थाः</u>** (१) दफा १७ बमोजिम कार्यान्वयन निकायबाट अनुगमन भएकोमा सोको प्रतिवेदन कार्यक्रम समन्वय इकाइमा पठाउनु पर्नेछ।

(२) कार्यक्रम समन्वय इकाइले गरेको अनुगमनको प्रतिवेदन र उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनलाई एकिकृत एवं विश्लेषण गरी चौमासिक र वार्षिक रुपमा निर्देशक समिति समक्ष पेस गर्नुपर्नेछ।

(३) निर्देशक समितिले आफैले गरेको अनुगमन तथा उपदफा (२)बमोजिम प्राप्त प्रतिवेदन समेतका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।कार्यक्रम निर्देशकले यस्तो निर्देशन कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

१९.**<u>गुनासो व्यवस्थापनः</u>** (१) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा कुनै सरोकारवालाको कुनै गुनासो भएमा कार्यक्रम संयोजक समक्ष निवेदन दिन सकिनेछ।प्राप्त गुनासो सम्बन्धमा कार्यक्रम संयोजकले कुनै बुझविस्तार गर्नुपर्ने वा स्थलगत अध्ययन गर्नुपर्ने भएमा नियमानुसार र मनासिव समयभित्र सो समेत गरी सोको सात दिनभित्र सुनुवाई गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुनासोको सुनुवाई हुन नसकेमा वा चित्त नबुझेमा गुनासोकर्ताले कार्यक्रम समन्वय इकाईका संयोजक समक्ष निवेदन दिन सक्नेछ।यसरी परेको निवेदन उपर कार्यक्रम समन्वय इकाई वा संयोजकले सात दिनभित्र सुनुवाई गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुनुवाई चित्तबुझ्दो नलागेमा गुनासो कर्ताले निर्देशक समितिका संयोजक समक्ष निवेदन दिन सक्नेछ। यसरी प्राप्त निवेदन सम्बन्धमा निर्देशक समितिका संयोजक वा निर्देशक समितिबाट गुनासो उपर अन्तिम निर्णय हुनेछ।

## परिच्छेद-८

## विविध

२०. **विवरण प्रकाशन तथा सार्वजनिक सुनुवाई गर्नुपर्ने:**(१)कार्यक्रम सञ्चालन गर्ने प्रदेश मातहतका निकाय वा स्थानीय तहले कार्यक्रम सम्मन्न भएपश्चात कार्यक्रम कार्यान्वयन गर्दा भएको खर्च, कार्यक्रमबाट उपलब्ध गराईएका सहायता सम्वन्धि विवरण र निर्माण भएका पूर्वाधारहरूको लागत सहितको विवरण सूचनापाटी र वेबसाइटमा वा अन्य उपयुक्त माध्यमबाट नियमित रूपमा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ।

(२) कार्यक्रम सम्पन भएपश्चात वा वार्षिक रूपमा सरोकारवालाहरूको सहभागितामा सार्वजनिक सुनुवाई वा जनलेखा परीक्षण वा सामाजिक परीक्षण गराउनु पर्नेछ।

२१. **सूचना प्रणाली:** कार्यक्रमको प्रभावकारी र व्यवस्थित कार्यान्वयनका लागि लाभग्राही छनौट, कार्यान्वयन अबस्थाको अनुगमन र कार्यसम्पादन मापनका लागि निर्देशक समितिले एकिकृत सूचना प्रणाली बनाई लागु गर्न सक्नेछन्।

२२. **कार्यक्रम संचालन ढाँचा:** कार्यक्रम सञ्चालनको समग्र संरचनागत ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

२३.**निर्देशिकाको कार्यान्वयनः** (१) अनुसूची-१ मा उल्लेखित कार्यक्रम सञ्चालनका लागि यो मुल निर्देशिका हुनेछ।

(२) अनुसूची-१ मा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयले यस निर्देशिकाको अधिनमा रही कार्यविधि तर्जुमा गरी कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यविधि एवं कार्यक्रमहरु सञ्चालनको लागि मन्त्रालयहरुले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछन।

(४) अनुसूची-१मा उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि यस निर्देशिकामा उल्लेख गरिए बाहेकको समिति, इकाइ वा संरचना बनाउन पाइनेछैन।

(५)यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने र वाधा अड्काउ फुकाउने अधिकार निर्देशक समितिको हुनेछ।

## अनुसूची १

### (दफा २(क) संग सम्बन्धित)

### विशेष महत्वका कार्यक्रमहरू

(क) मुख्यमन्त्री रोजगार कार्यक्रम।

(ख) एकिकृत वस्ति विकास कार्यक्रम ।

(ग) कर्णाली उज्यालो कार्यक्रम ।

(घ) खाना, नाना, छाना कार्यक्रम ।

(ङ) उद्यमशीलता तथा आयआर्जन कार्यक्रम ।

(च) मुख्यमन्त्री महिला, दलित, युवा उद्यमी, खाद्यान्नका लागि रोजगारी ।

(छ) शेयर साझेदारी, सहुलियत कर्जा ।

(ज) मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम (खाना नाना र छाना कार्यक्रम) ।


(झ) रोजगारमूलक पूर्वाधार विशेष कार्यक्रम ।

(ञ) कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट बिशेष महत्वका भनी तोकिएका अन्य कार्यक्रमहरू ।

अनुसूची २

(दफा २२ संग सम्वन्धित)

<u>कार्यक्रम सञ्चालन ढाँचा</u>




**आज्ञाले,**

आनन्द सारु

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**